खानाको उपस्थितिमा वा कुनै व्यक्तिलाई दिसापिसाब लागेको छ भने नमाज पढ्नु हुँदैन ।

आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें : "खानाको उपस्थितिमा वा कुनै व्यक्तिलाई दिसापिसाब लागेको छ भने नमाज पढ्नु हुँदैन ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले खानाको उपस्थितिमा नमाज पढ्न निषेध गर्नुभयो, किनभने व्यक्तिको हृदय खानामा अल्झेको हुन्छ र पूर्ण एकाग्रताका साथ नमाज पढ्न सक्दैन । त्यसैगरी, दिसा पिसाबले च्यापेको अवस्थामा पनि नमाज पढ्न निषेध गरिएको छ, किनभने व्यक्तिको ध्यान त्यसैमा अल्झेको हुन्छ ।

http://www.sunnah.global/hadeeth/ne/show/3088